**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**प्रेस विज्ञप्ति- १३ असार २०६३**

# नेकपा (माओवादी)द्वारा भए गरेका गम्भीर मानवअधिकार दुर्व्यवहारहरूको अनुसन्धान र रोकथामका लागि उच्चायुक्तको कार्यालय अनुरोध गर्दछ

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले २३ जुन २००६ (२०६३ असार ९) मा नेकपा (माओवादी) को नेतृत्वसँग भएको बैठक र त्यसपछिको २६ जुन (२०६३ असार १२) को पत्रमा, मध्यमाञ्चल क्षेत्रमा नेकपा (माओवादी) का कार्यकर्ताहरूद्वारा भए भनिएका शृङ्खलावद्ध अपहरण र हत्याहरूबारे चासो व्यक्त गऱ्यो, जसको कारण ३ मई २००६ (२०६३ वैशाख २०) यता नौ जनाको हत्या भएको छ । काठमाडौंबाट अपहरण गरिएको र काभ्रेमा अधिक कुटिएको भनिएका दुई जनाको सम्बन्धमा पनि कार्यालयले कुरा उठायो । धेरैजसो घटनामा पीडितहरूलाई 'अपराध' वा 'कसुर'को आरोप लगाइएको थियो र छानबिनअन्तर्गत राखिएको देखिन्थ्यो । यीमध्ये केही घटनामा नेकपा (माओवादी) का स्थानीय नेताहरूले आफ्नो जिम्मेवारी स्वीकारी क्षमायाचना व्यक्त गरेका थिए । तैपनि, उच्चायुक्तको कार्यालयले पटकपटक यसबारे व्यक्त चिन्ताका बाबजुद पनि नेकपा (माओवादी) द्वारा निरन्तर नागरिक अपहरण र पक्राउहरू भइरहेकाले उच्चायुक्तको कार्यालय चिन्तित छ ।

उच्चायुक्तको कार्यालयसँगको बैठकमा, नेकपा (माओवादी) को नेतृत्वले यस्ता हत्या गर्ने नीति आफ्नो पार्टीको नभएको र नेकपा (माओवादी) ले यसलाई गम्भीररूपमा लिने आश्वासन दिए । यसले यसबारे अनुसन्धान गर्ने र दोषी पाइएका नेकपा (माओवादी) कार्यकर्ताहरूमाथि दण्डसजाय गरिने कुरा बताएको थियो ।

नेकपा (माओवादी)का नेताहरूसँगका बैठकहरूमा उच्चायुक्तको कार्यालयले कुनै पनि कारणले सर्वसाधारणहरूको अपहरण नेकपा (माओवादी) ले देखाएको अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूप्रतिको प्रतिबद्धताको उल्लङ्घन हो भन्ने कुरामा निरन्तर जोड दिंदै आएको छ । यी अपहरणहरू र सम्बन्धित अनुसन्धान तथा दण्डसजाय उपयुक्त कार्यविधि र निष्पक्ष सुनुवाईका न्यूनतम प्रत्याभूतिहरू प्रदान गर्न पनि असफल भएका छन् । फलतः, अपहरण पीडितहरू उनीहरूका मानवअधिकारका अन्य उल्लङ्घनहरूप्रति पनि असुरक्षित हुन्छन्, विशेषगरी उल्लेखित घटनाहरूमा जस्तै तिनको बाँच्न पाउने र शारीरिक अखण्डताप्रतिको अधिकार । यससम्बन्धी उच्चायुक्तको कार्यालयको चासो अपराधको आरोप लागेका नेकपा (माओवादी)का कार्यकर्ताहरूमा पनि लागू हुन्छ ।

उच्चायुक्तको कार्यालयको कार्यालय इन्चार्जको हैसियतमा डेभिड जोन्सनले भन्नुभएको छ, "आपराधिक गतिविधिमा लागेका शङ्कास्पद सर्वसाधारण तथा नेकपा (मा)का कार्यकर्ताहरू सरकारी अधिकारीसमक्ष बुझाइनुपर्दछ, जसले गर्दा उनीहरूबारे छानबिन गर्न र उपयुक्त लागेको अवस्थामा उचित अन्तर्राष्ट्रिय प्रक्रिया र निष्पक्ष सुनुवाईका मापदण्डहरूअनुसार समयोचित ढङ्गले मुद्दा चलाउन सकियोस् । यसैबीच, उच्चायुक्तको कार्यालय भविष्यमा यस्ता दुर्व्यवहार रोक्नका लागि आफ्नै कार्यकर्ताहरूद्वारा गरिएका दुर्व्यवहारसम्बन्धी आरोपहरूबारे पूर्ण छानबिन गरियोस् भन्ने कुरा सुनिश्चित गर्न राष्ट्रिय स्तरमा एक आन्तरिक निरीक्षण संयन्त्र स्थापनका लागि नेकपा (माओवादी) समक्ष अनुरोध गर्दछ ।"

* * * * *

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल: **kdwyer@ohchr.org***